# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नं. 3269

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

मिति :- २०८३/०३/२५

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी सूचना !!!**

श्री वडा कार्यालय सबै,
सिद्धलेक गाउँपालिका, धादिङ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. ०८३।८४ मा समेत नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८३ श्रावण ०१ गते देखी भाद्र मसान्त भित्र देहायका कागजातहरु संलग्न राखी परिचयपत्र नविकरण गर्नका लागी सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नविकरण गराउनु हुनको लागी यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय भएका तथा ९० वर्ष माथिका जेष्ठ नागरिकहरुका हकमा निजका आमा, बुवा, संरक्षक माथवर वा स्याहार सुसार गर्ने ब्यक्ति उपस्थित भई नविकरण गराउन सकिने छ। साथै परिचयपत्र नविकरण गर्न आउदा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिनुभएका लाभग्राहीहरुले अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर **(NIN)** वा आवेदन नम्बर अनिवार्य रुपमा लिएर आउनु होला।

**आवश्यक कागजातपत्रहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान,
- पासपोर्ट साईजको फोटो २ थान,
- सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपी १ थान,
- बालबालिकाको हकमा जन्मदर्ता, आमा, बुवा वा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी १।१ थान
- अपाङगता भएको ब्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङगता परिचयपत्रको प्रतिलिपी १ थान
- असहाय एकल विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस
- विवाह नगरी ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,
- सम्बन्ध बिच्छेद गरी अर्को बिवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी
- र अर्को बिवाह नगरेको वडाको सिफारिस,
- न्यायीक पृथकिकरण गरी बसेको ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्रको प्रतिलिपी १ थान,
- आवश्यकता अनुसार बसाईसराई दर्ता प्रमाणपत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी

**नोट : तोकीएको समयमा नविकरण नगराएमा समाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

*वोधार्थः*
श्री सूचना प्रविधि शाखा,, फेसबुक पेज तथा वेवसाइटमा अपलोड गरिदिनु हुन।
श्री नीलकण्ठ एफ.एम. धादिङवेशीः- सूचना प्रशारण गरिदिनु हुन।

(अनिशा आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक Website: www.siddhalekmun.gov.np इमेल: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com